# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४ | काठमाडौं | बिहीबार, ०३ जेठ २०८१ | Prabhab National Daily | Thursday, May 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चत गरौं**

**संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।**

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवअधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चत गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## सन्दीपलाई उच्च अदालतबाट सफाइ



उच्चको फैसला जुन आयो । यसमा हामी सन्तुष्ट छैनौं । हामी सर्वोच्च जान्छौं । उच्चको फैसलाले पीडित भनिएकी किशोरीलाई अन्याय भएको छ ।

**सीताराम अर्याल**
**प्रवक्ता, सरकारी वकिल कार्यालय**

**जेबी योञ्जन**

**काठमाडौं–** 'गौशला २६'लाई जबर्जस्ती करणी आरोप खेपेका क्रिकेटर सन्दीप लामिछानेले उच्च अदालतबाट भने सफाइ पाएका छन् । उच्च अदालत पाटनका न्यायाधीशहरू सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको संयुक्त इजलासले काठमाडौं जिल्ला अदालतको फैसलालाई उल्टयाउँदै लामिछानेलाई बुधबार सफाइ दिएको हो ।

उमेर नपुगेको सरकारीपक्षको दाबी प्रमाणित नहुने र संलग्न सवुदप्रमाणले जबर्जस्ती करणी गरेको पुष्टि नगर्ने देखिएको भन्दै उच्चले लामिछानेलाई सफाइ दिएको अदालतका प्रवक्ता विमल पराजुलीले जानकारी दिए । योसँगै लामिछानेले बलात्कार अभियोगबाट सफाइ पाएका छन् ।

यसअघि उच्च अदालत पाटनले नै गत २८ पुसमा २० लाख रूपैयाँ धरौटी लिई लामिछानेलाई तारेखमा रिहा गर्ने आदेश दिएको थियो । क्रिकेटर लामिछानेका वकिल सरोजकृष्ण घिमिरेले बुधबार लामिछानेले दुई आधारले सफाइ पाएको प्रतिक्रिया दिएका छन् ।

फैसलापछि पत्रकारसँग भने, 'हामीले सुरुदेखि नै सन्दीप निर्दोष छन् । सन्दीपमाथि गलत आरोप लगाइयो भन्दै आएका हौं । जिल्ला अदालतले अनुमानका आधारमा फैसला गरेको थियो । फौजदारी न्यायमा आधारप्रमाणसहित फैसला हुनुपर्छ, अनुमानले हुँदैन । आज त्यो फैसला सच्चिएको छ ।' यसअघि जिल्ला अदालतको फैसलामा सन्दीपलाई दोषी ठहर गरे पनि प्रमाणले पुष्टि गर्न नसकेको उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

### निलम्बन फुकुवा, विश्वकप खेल्ने

जबर्जस्ती करणीसम्बन्धी मुद्दामा उच्च अदालत पाटनबाट सफाइ पाएसँगै सन्दीप लामिछानेलाई टी-२० विश्वकप क्रिकेट खेल्ने बाटो खुला भएको छ । उनलाई नेपाल क्रिकेट संघ (क्यान)ले पनि बुधबार नै निलम्बन फुकुवा गरेको छ ।

निलम्बन फुकुवा भएसँगै लामिछानेले सबै प्रकारका घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउन पाउने भएका छन् । क्यान अध्यक्ष चतुरबहादुर चन्दले बलात्कार मुद्दामा निर्दोष रहेको भनी फैसला आएकाले अन्तर्राष्ट्रिय र घरेलु सबै प्रकारको क्रिकेट गतिविधिबाट निलम्बन फुकुवा गरिएको जानकारी प्रेस विज्ञप्तिमार्फत गराएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# कांग्रेसमाथि आक्रामक ओली



- गृहमन्त्री रवि लामिछानेको बचाउमा एमाले उत्रिएपछि कांग्रेसले एमाले अध्यक्ष केपी शर्मा ओली चिढिने गरी गिरिबन्धु टि स्टेट मुद्दालाई पनि विरोधको एजेन्डा बनाउने
- यही मुद्दा कांग्रेसले उठाएपछि मंगलबार बिरामी भनिएको ओली भोलिपल्टै संघीय संसद्को भवन ल्होत्से हल पुगेर कांग्रेसमाथि खनिए
- २०८० माघ २४ गते सर्वोच्च अदालतले गिरीबन्धु टि इस्टेटको हदबन्दीभन्दा बढीको जग्गा सट्टाभर्ना गर्न दिने तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको मन्त्रिपरिषद्को निर्णय बदर गरेको थियो

**प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बिरामी भन्दै अनुपस्थित भएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बुधबार प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसमाथि आक्रामक सुनिएका छन् । राष्ट्रपतिलाई सदनबाट धन्यवादसमेत दिन नपाएपछि ओली बुधबार एमाले संसदीय दलको बैठकमा कांग्रेसमाथि कड्किएका हुन् ।

'कांग्रेसको दादागिरी चल्ने ठाउँ हैन संसद् । नीति नियमले चल्नुपर्छ । सांसदले बोल्नै नपाउने ? कस्तो खालको लोकतन्त्र ?,' ओली कांग्रेसमाथि खनिए । कांग्रेसले सहकारीको रकम अपचलन गरेको आरोपमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धान गर्न संसदीय छानबिन समिति माग गर्दै आएको छ । सदनको अघिल्लो सदनसमेत अवरुद्ध पारेको कांग्रेसले बजेट अधिवेशन पनि अवरुद्ध पार्न थालेको छ ।

राष्ट्रपतिलाई संयुक्त सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिएपछि दोस्रो बैठकबाट कांग्रेसले अवरोध सुरु गरेको हो । मंगलबारको दोस्रो बैठकमा गृहमन्त्री लामिछानेले आफूले बोल्न पाउनुपर्ने माग गरेका थिए । तर कांग्रेसको अवरोधका कारण सदनको बैठक आज बिहीबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको हो । चैत २८ को बैठकमा पनि सुरुमै कांग्रेसले अवरोध गरेपछि ओली बाहिरिएका थिए ।

कांग्रेसले यस्तै गतिरोध जारी राखे एमाले आक्रामक बन्ने इंगित ओलीले गरे । 'आरोपित व्यक्ति बोल्न पाउनुपर्छ । पहिलो कुरा नै यही हो । कांग्रेसलाई बोल्न दिइँदैन अब । कांग्रेसलाई जे मन लाग्छ त्यही गर्ने ?,' ओलीले प्रश्न गरे ।

### गिरीबन्धु टि स्टेटको मुद्दाले ओली फायर

सदनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति लामिछानेको बचाउमा कोही छ भने त्यो नेकपा एमाले नै हो । छानबिन समिति बन्नसाथ लामिछानेले मन्त्री पदबाट राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ । यसले सत्ता समीकरण अप्ठेरोमा पर्ने त्रासले एमालेले लामिछानेको बचाउ गरेको एमालेकै नेताहरू बताउँछन् । यता सहकारीको रकम अपचलनको मुद्दा बलियो भए पनि एमालेकै आड पाएर लामिछानेमाथि छानबिन समिति नबनेको कांग्रेसको बुझाइ छ ।

यही विषयलाई ख्याल राख्दै कांग्रेस संसदीय दलले अब गिरीबन्धु टि स्टेटको मुद्दा पनि सदनमा चर्काउने निर्णय गरेको छ । यही मुद्दाका कारण भोलिपल्टै एमाले अध्यक्ष ओली कांग्रेसमाथि आक्रोशित भएका हुन् । 'कांग्रेसले खोज्या के हो ? हामी मिलाउन खोजिरहेका छौं । झन् हामीमाथि नै । अपराधि ठहरिएका मान्छे ल्याएर भ्रष्टाचारी ठहर नभएका मुद्दा नै नभएकाले विरोध गरिरहेको छ,' ओलीले भने ।

ओली यतिमै रोकिएनन्, उनले कांग्रेसका सबै नेताको जन्मकुण्डली आफूलाई थाहा भएको दाबी गरे । 'नेपाली कांग्रेसले गरेका बकवास कुरा हामीले सुनिरहने हैन । यतै टोक्या छ, उतै टोक्या छ, यतै भुक्या छ,' उनले भने, 'कांग्रेसका धेरै मान्छेको जन्मकुण्डली हामीलाई थाहा छ । नेपाली कांग्रेसले पाखुरा देखाएको भरमा मसाल देखाएको भरमा हामी लत्रिदिनुपर्ने ?'

गिरीबन्धु टि स्टेटबारे बोल्दा कांग्रेसले होस गर्नुपर्ने चेतावनीसमेत उनले दिए । 'कांग्रेसले एमालेको सन्दर्भमा टिप्पणी गर्दा ख्याल गरोस्, जुन गिरीबन्धु टी-स्टेटको कुरा छ, नेपाली कांग्रेसले एकपटक ५१ बिघा, अर्कोपटक १९ बिघा कमिसन खाएर सट्टापट्टा गर्ने नाममा बिक्री गरेको छ,' ओलीले भने, 'त्यही टि स्टेट पछि अदालतले नियम र ऐन बनाएरमात्रै यस्ता कामहरू अगाडि बढाउनु भनेपछि अदालतको आदेशबमोजिम हामीले ऐन बनाएका हौं ।'

(क्रमशः पृष्ठ २ मा)

### के हो गिरीबन्धु टि स्टेट प्रकरण ?

झापाको विर्तामोडमा रहेको गिरीबन्धु टि स्टेटको जग्गाबारे एमाले नेतृत्वको तत्कालीन सरकारको पालामा निर्णय भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले सबैभन्दा पहिले गत भदौमा यो प्रकरण खोल्ने चेतावनी दिएका थिए । कांग्रेस सत्तामा रहेकै बेला सांसद रामहरि खतिवडाले यो जग्गा प्रकरणबारे भनेका थिए, 'नेपालमा लालितानिवासभन्दा बडा खतरनाक एउटा गिरीबन्धुटी-स्टेट जग्गा प्रकरण चर्चामा आएको छ, ललिता जग्गा प्रकरणभन्दा ५०० बिघा जग्गा अर्थात् रोपनीमा कन्भर्ट गर्दा झन्डै ६५ सय रोपनी जग्गा, कौडीका भाउमा दिएर देशको सम्पत्ति लुट्ने कार्य भएको छ, यसमा सरकार चनाखो हुनुपर्छ ।'

२०२१ सालमा भूमिसुधार ऐन आएपछि तराईमा एक व्यक्तिले आवाससहित २८ बिघासम्म जग्गा राख्न पाउने हदबन्दी तोकिदियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## प्रभावकारी बन्दै एक घण्टे श्रम स्वीकृति, घट्यो सेवाग्रहीको चाप

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई एक घण्टामै श्रम स्वीकृति दिन व्यवस्था गरेपछि सेवा प्रवाह प्रभावकारी बन्दै गएको छ । एक घण्टे श्रम स्वीकृतिले वैदेशिक रोजगार विभागअन्तर्गत वैदेशिक रोजगार कार्यालय ताहाचलमा हुने सेवाग्राहीको चापसमेत घटेको छ ।

श्रम स्वीकृति लिनका लागि बिहानैदेखि सयौंको संख्यामा सेवाग्रहीको भीड हुने गरेकोमा एक घण्टाभित्र श्रम स्वीकृति दिने व्यवस्थाले भीडभाड घटाएको वैदेशिक रोजगार विभागले जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले गएको चैत २५ गते पत्रकार सम्मेलनमार्फत एक घण्टामा श्रम स्वीकृति दिने व्यवस्था कार्यान्वयनमा ल्याइएको घोषणा गरेका थिए ।

प्रक्रिया पुऱ्याएर आवेदन दिएका सेवाग्राहीले अनलाइनमार्फत एक घण्टामै श्रम स्वीकृति पाउने गरेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । 'हिजोआज श्रम स्वीकृतिका लागि आउने सेवाग्राहीको भीड अन्त्य भएको छ,' उनले भने, 'अहिले श्रम स्वीकृतिका लागि आवश्यक प्रक्रिया वा कागजात नपुगे पनि कार्यालय आउनै पर्दैन, कागजात नपुगेको जानकारी अनलाइनमार्फत नै दिने गरिन्छ, यसले पनि सेवाग्राहीको भीड घटाउन मद्दत गरेको छ ।'

एक घण्टामै श्रम स्वीकृति दिन थालेपछि सेवा प्रवाह पनि प्रभावकारी बन्दै गएको विभागले जनाएको छ । अहिले दैनिक दुई हजारको हाराहारीमा श्रम स्वीकृति दिने गरिएको महानिर्देशक घिमिरेले बताए । उनका अनुसार एक घण्टे श्रम स्वीकृति लागू भएयता ७० हजारभन्दा बढीले सेवा लिइसकेका छन् ।

> श्रम स्वीकृति लिनका लागि बिहानैदेखि सयौंको संख्यामा सेवाग्रहीको भीड हुने गरेकोमा एक घण्टाभित्र श्रम स्वीकृति दिने व्यवस्थाले भीडभाड घटाएको वैदेशिक रोजगार विभागको भनाइ

एक घण्टामै श्रम स्वीकृति दिने व्यवस्था प्रभावकारी हुँदै गए पनि कर्मचारीहरूलाई कामको चाप अधिक रहेको वैदेशिक रोजगार कार्यालय ताहाचलले जनाएको छ । सेवाग्रहीलाई चुस्त सेवा प्रवाह गर्न हाल ४० जना कर्मचारी दुई सिफ्टमा बिहान ७ बजेदेखि राति नौ बजेसम्म खटिरहेको कार्यालयकी निर्देशक एवं सूचना अधिकारी कल्पना मास्केले बताइन् । 'कर्मचारीहरूले बिहान ७ बजेदेखि नै काम गर्नुहुन्छ,' उनले भनिन्, 'एक जना कर्मचारीलाई दैनिक ८४ जनाको श्रम स्वीकृति प्रदान गर्नुपर्ने म्याण्डेट नै छ, राति अबेरसम्म काम हुन्छ ।'

श्रम स्वीकृति दिने प्रणालीमा पनि सुधार गरिएको कार्यालयले जनाएको छ । व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको हकमा एकै तहबाट श्रम स्वीकृति दिने व्यवस्था गरिएको छ । जसमा आवेदन रूजु गर्ने कर्मचारीले नै श्रम स्वीकृति दिने गरेको बताइएको छ । यद्यपि, संस्थागत (म्यानपावर) बाट आएका आवेदन भने कम्प्युटर अपरेटर वा नायब सुब्बाले रूजु गर्ने र अधिकृतस्तरको कर्मचारीले श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था छ ।

श्रममन्त्री अर्यालले पदवहाली गरेलगत्तै वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहजीकरण गर्न र एक घण्टामै श्रम स्वीकृति दिने प्रबन्ध मिलाउन विभाग र श्रम कार्यालयलाई निर्देशन दिएका थिए । श्रमिकले श्रम स्वीकृति पाउन हप्तौं कुनुपर्ने बाध्यताका बीच वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) को सुधार र कम्प्युटरहरू अपग्रेड गरिएकाले एक घण्टामै श्रम स्वीकृति दिने कार्य सम्भव भएको निर्देशक मास्केले बताइन् ।

लोकतान्त्रिक एसोसिएसनको निर्वाचन

## प्रतिनिधि पठाउने म्याद आज साँझसम्म




**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्वाचन यही जेठ ५ गते शनिबार हुने निश्चित भएको छ । निर्वाचनलाई लक्षित गर्दै एसोसिएसनले नयाँ कार्यसमिति चयनसहितको १२औं साधारणसभामा सहभागी हुनका लागि आ-आफ्नो संस्थाबाट प्रतिनिधि पठाउन आग्रह गरेको छ ।

साधारणसभा र निर्वाचनमा सहभागी हुन आज (बिहीबार) बेलुका ५ बजेसम्म प्रतिनिधि पठाइसक्नुपर्ने गरी अन्तिम समय दिइएको छ । एसोसिएसनले एक सूचना जारी गर्दै लोकतान्त्रिक एसोसिएसनसँग आबद्ध सदस्य संस्थाहरूले आ-आफ्नो कम्पनीको आधिकारिक प्रतिनिधि पठाई सदस्यता नवीकरण गराउन पनि आग्रह गरेको छ । अन्यथा मतदाता नामावलीमा संस्था र प्रतिनिधिको नाम प्रकाशन गर्न असमर्थ रहने एसोसियसनले उल्लेख गरेको छ ।

यसअघि एसोसिएसनको निर्वाचन वैशाख २८ गते हुने भनिए पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, वैदेशिक रोजगार विभाग प्रमुख प्रकाश स्नेहीसहितका नेताहरूले निर्वाचन मिति सार्न निर्देशन दिएपछि जेठ ५ गतेलाई तोकिएको एसोसियसनका अध्यक्ष कुमुद खनालले बताए । लोकतान्त्रिक एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्था रहेका कारण पार्टी निर्देशनअनुसार नै साधारणसभा र निर्वाचन गर्न लागिएको बताइएको छ ।



## पृष्ठ १ बाट क्रमशः

### कांग्रेसमाथि आक्रामक ...

यतिमात्र होइन, ओलीले अदालतमाथिसमेत असन्तुष्टि पोखे यस विषयमा । 'त्यसको कार्यान्वयन भएको छैन । त्यो नियममा विभिन्न सर्तहरू राखिएको छ, ती सर्तहरू पूरा भएर यो ठाउँको जग्गा सट्टापट्टा गर्ने यो ठाउँको बिक्ने भनिएको पनि छैन,' ओलीले भने, 'अदालतले अहिले पनि फैसला गर्दा हदभन्दा बढीको त्यो जग्गा दिन पाइँदैन भन्नुपर्‍यो नि । दिनचाहिँ मिल्छ तर यसको अपरिपक्वता देखियो । हामी सम्मानित अदालतको सम्मान गर्छौं ।'

■ ■ ■

### के हो गिरीबन्धु...

पहाडमा ७५ रोपनी र काठमाडौं उपत्यकामा भने अधिकतम ३० रोपनी जग्गा राख्न पाउने हदबन्दी त्यतिबेला कायम भयो । त्योभन्दा बढी रहेको जग्गा राष्ट्रियकरण गर्नुपर्ने व्यवस्था भूमिसुधार ऐनले गरेको थियो । कृषि व्यवसाय र उद्योगका लागि भने यो हदबन्दीमा छुट दिइएको थियो । यही व्यवस्थामा टेकेर हदबन्दीभन्दा धेरै रहेको जग्गा जोगाउन पूर्वी नेपालको झापा जिल्लाका केही जमिनदारले चिया खेती सुरू गरेका थिए । र, 'गिरीबन्धु टि स्टेट' सञ्चालनमा आयो ।

२०२९ पुस ११ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार टि स्टेटको नाममा रहेको ३४२ बिघा १९ कट्ठा १२ धुर जग्गा हदबन्दीभन्दा बढी राख्न छुट दिएको उल्लेख गरियो । अहिले टि स्टेट झापाको विर्तामोड नगरपालिका र अर्जुनधारा नगरपालिकास्थित पूर्वपश्चिम राजमार्गको उत्तर र दक्षिणतर्फ पर्छ । त्यहाँ टि स्टेटको नाममा अहिले करिब २८० बिघा जग्गा रहेको अनुमानित आँकडा छ । २०४६ सालमा प्रजातन्त्र पुनर्बहाली भइसकेपछि भूमिसुधार ऐन परिमार्जन गरियो । त्योसँगै जग्गाको हदबन्दी पनि परिवर्तन भयो । त्यसपछि तराईमा ११ बिघा जग्गाको हदबन्दी कायम गरियो । तर यो हदबन्दी गिरीबन्धु टि स्टेटलाई लागू भएन । २०६०-६१ सालतिरै टि स्टेटको जग्गामध्ये केही बिक्री गरिएको थियो ।

२०७० माघ २८ गते कांग्रेस नेतृत्वको तत्कालीन सरकारको पालामा टि स्टेटको जग्गा बिक्री, सट्टापट्टा र कम्पनी स्थानान्तरणका लागि भू-माफियाले चलखेल सुरु गरेको बताइन्छ । एमाले अध्यक्ष ओली नेतृत्वको सरकारको मन्त्रिपरिषद्‌को २०७८ वैशाख १३ गतेको बैठकले गिरीबन्धु टि स्टेटलाई झापाको विर्तामोड नगरपालिका-६ मा रहेको ३४३ बिघा १९ क√ा १२ धुर जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने निर्णय गरेको थियो ।

मन्त्रिपरिषद् बैठकले भूमिसम्बन्धी ऐन २०२१ को दफा १२ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) र भूमिसम्बन्धी नियमहरू २०२१ को नियम १६'क'को उपनियम (६) अनुसार स्तरहरू तोकी सट्टापट्टा गर्न दिने निर्णय गरेको थियो । त्यही आधारमा कांग्रेसले यो विषयलाई अहिले उठाएको हो । ओली नेतृत्वको निर्णयविरुद्धमा अधिवक्ता ओमप्रकाश अर्याल र सरोकारवाला भक्तराज भारतीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट दायर गरेका थिए । उक्त रिटमा सुनुवाइ गर्दै २०७८ फागुन २७ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तरिम आदेश जारी गर्दै मन्त्रिपरिषद्‌को निर्णय कार्यान्वयन नगर्न आदेश दिएको थियो ।

सर्वोच्चको यो आदेशपछि उक्त रिट २०८० असार १३ गते संवैधानिक इजलासमा पेसी रहेको थियो । तर सो दिन हेर्न नमिल्ने हुँदै स्थगित भयो । अर्को पेसी आगामी कात्तिक १७ गतेका लागि तोकियो । त्यो दिन पनि स्थगित भई २०८० माघ २४ गते सर्वोच्च अदालतले गिरी बन्धु टि इस्टेटको हदबन्दीभन्दा बढीको जग्गा सट्टाभर्ना गर्न दिने तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको मन्त्रिपरिषद्‌को निर्णय बदर गर्‍यो ।

सर्वोच्चको संवैधानिक इजलासले कानुनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको भन्दै १३ वैशाख २०७८ सालमा ओली सरकारले गरेको निर्णय बदर गरेको हो । 'विवादित निर्णय भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ (ग) लगायतका कानुनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सो बमोजिम भए गरिएका कामकारबाही समेत बदर हुने ठहर्छ,' सर्वोच्चको आदेशमा भनिएको थियो ।

सर्वोच्चले नै फैसला गरिसकेको अवस्थामा यस्ता विषयमा थप अनुसन्धान हुनुपर्ने कांग्रेस महामन्त्री गगन थापाको माग छ । 'तत्कालीन सरकारले जबरजस्ती ढंगले गरेको निर्णय र कानुन संशोधन कति गलत र वद्नियतपूर्ण थियो भन्ने पुष्टि त गरेको छ नै नीतिगत बाटोबाट हुने भ्रष्टाचारको उदांगो पारिदिएको छ । उक्त निर्णय अनुचित र बद्नियतपूर्ण भएकोले यस्तो निर्णय गर्ने गराउने गलत नै हुन भन्नेमा अब द्विविधा भएन । अतः यस्तो वद्नियत राखेर निर्णय गर्ने गराउनेमाथि थप अनुसन्धान अपरिहार्य छ,' थापाले भनेका छन् ।

■ ■ ■

### सन्दीपलाई उच्च ...

त्यही विषयलाई उच्च अदालतमा उठाएको र अदालतले प्रमाण हेरेर फैसला दिएको घिमिरे बताउँछन् । 'यो मुद्दामा कुनै पनि प्रमाणले सन्दीप दोषी हुन् भन्ने देखाएको थिएन । हामीले यही विषयलाई गम्भीररूपमा अदालतसमक्ष प्रस्तुत गर्‍यौं', घिमिरेले भने, 'अदालत पनि त्यो कुरामा कन्भिन्स भयो र सन्दीपलाई न्याय दियो भन्नेमा हामीलाई विश्वास छ ।'

सन्दीप दोषी ठहर गर्ने जिल्ला अदालतको फैसला बदरको माग गर्दै उच्च अदालतमा पुगेका थिए । तर, जाहेरवाला किशोरी पनि आफूलाई बालिग ठहर गरेको भन्दै नाबालिग नै रहेको दाबीसहित उच्च अदालत पुगेकी थिइन् । तर, उच्च अदालतले उनको मागअनुसार दोस्रोपटक जन्मदर्ता लिँदा दिएको निवेदन नै गाउँपालिकाबाट झिकाएको थियो । उच्च अदालतले फैसला गर्दा यसलाई पनि मुख्य आधार बनाएको सन्दीपका वकिल घिमिरेले बताए ।

उनलाई गत १३ पुसमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजलासले लामिछानेलाई दोषी ठहर गरेको थियो । सोही महिनाको २५ गते भने सन्दीपविरुद्ध आठ वर्ष जेल सजाय, पीडितलाई तीन लाख रूपैयाँ क्षतिपूर्ति र दुई लाख रूपैयाँ जरिवाना गर्ने फैसला सुनाएको थियो । जाहेरवालाको आंशिक दाबी पुग्ने जिल्ला अदालतको ठहर थियो । उक्त फैसलालाई चुनौती दिँदै सन्दीप उच्च अदालत पुगेका थिए । बुधबार भने उच्चले सन्दीपको पक्षमा फैसला गरेको हो ।

उच्च अदालतमा ११ फागुन २०८० मा सन्दीपको निवेदन दर्ता भएको थियो । त्यसयता पाँचपल्ट पेसी तोकिए पनि जेठ १ र २ गतेको सुनुवाइपछि फैसला आएको हो । फैसलापछि सन्दीपले आफू निर्दोष रहेको पहिलेदेखि भनेको र अन्ततः न्याय पाएको महसुस गरेको बताएका छन् । उनले पत्रकारहरूसँग भने, 'साढे एक वर्षभन्दा माथि भइसक्यो । फर्स्ट डेबाटै म निर्दोष छु भनिरहेको थिएँ । नभएको कुरामा मलाई दोषी बनाइएको थियो । मैले आज न्याय पाएँ । यो समयमा मलाई साथ दिनेप्रति आभारी छु । नेपाललाई जहाँ पुर्‍याएको थिएँ त्यसभन्दा माथि पुर्‍याउने छु ।'

तर, गौशाला २६ लाई सर्वोच्च अदालत जाने विकल्प भने खुला छ । उनको तर्फबाट सरकारी वकिल कार्यालयले सर्वोच्च जाने जनाएको छ । कार्यालयका प्रवक्ता सीताराम अर्यालले छिट्टै सर्वोच्च जाने बताए । 'उच्चको फैसला जुन आयो । यसमा चित्त बुझेन । हामी सर्वोच्च जान्छौं,' उनले प्रभावसँग भने । यसले गर्दा सन्दीपलाई पीडित भनिएकी किशोरीको तर्फबाट कार्यालयले सर्वोच्चमा कानुनी चुनौती दिने देखिएको छ । महिला अधिकारवादी अभियन्ताहरूले पनि उच्चको फैसलालाई लिएर असन्तुष्टि प्रकट गरेका छन् । पीडितलाई झन् पीडित पार्नेगरी फैसला आएको सार्वजनिक रूपमै उनीहरूले टिप्पणी गरिरहेका छन् ।

#### अनि सन्दीपविरुद्ध जबर्जस्ती करणी मुद्दा

मैत्रीपूर्ण खेलका लागि नेपाली राष्ट्रिय टिम ६ भदौ २०७९ मा केन्या जानुपूर्व सन्दीपसहितका खेलाडी बन्द प्रशिक्षणमा थिए । त्यसअघिको अघिल्लो दिनरात बन्द प्रशिक्षणबाट निस्केर सन्दीप आफ्नी फ्यान 'गौशाला २६' लाई भेट्न गए । त्यसपछि उनीहरू पर्यटकीय गन्तव्य नगरकोट गए । प्रहरी अनुसन्धानपछि खुलेको विवरणहरूका अनुसार उनीहरू केही दिनदेखि सोसल मिडिया प्लेटफर्ममा कुराकानी गरिरहेका थिए । र, नगरकोटबाट फर्केर तिलगंगा अस्पतालछेउको गेस्ट हाउसमा बसे । भोलिपल्ट सन्दीप केन्या उडे । १५ दिनपछि २१ भदौ २०७९ मा भने सन्दीपले आफूलाई जबर्जस्ती करणी गरेको भन्दै गौशाला प्रहरी वृत्तमा उजुरी दिइन् । त्यसको दुई दिनपछि क्यानले अनुशासन उल्लंघन गरेकोमा राष्ट्रिय क्रिकेट टोलीबाट निलम्बन गर्‍यो । जतिबेला सन्दीप देशबाहिरै थिए । उनी लुकेर बसेको टिकाटिप्पणी नेपालमा हुँदै थियो । यसबीचमा उनले सोसल मिडियामा एक पोस्ट लेख्दै आफू छिट्टै फर्किने र अनुसन्धानमा सघाउने बताएका थिए ।

नभन्दै उनी २० असोज २०७९ मा विदेशबाट फर्के । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले उनलाई पक्राउ गरी हिरासतमा लियो । एक महिनापछि १४ कात्तिक २०७९ मा काठमाडौं जिल्ला अदालतमा सन्दीपविरुद्ध बलात्कार मुद्दा दर्ता भयो । हिरासतमै रहेका बेला २८ पुस, २०७९ मा पाटन उच्च अदालतले २० लाख रूपैयाँ धरौटी लिएर तारेखमा छोड्ने आदेश दियो । धरौटी बुझाएर सन्दीप बाहिर आए ।

९ चैत, २०७९ मा उनको मुद्दामा किशोरीको जाँच गर्ने चिकित्सकलाई अदालतमा झिकाउन जिल्ला अदालत काठमाडौंले आदेश दियो । ७ जेठ, २०८० मा वडा कार्यालयबाट उजुरीकर्ताको जन्मदर्ताको अभिलेख र जन्म भएको भनिएको अस्पतालबाट दर्ता किताब झिकाउने आदेश भयो । ११ असार, २०८० मा गौशाला २६ लाई अन्तरिम राहतस्वरूप उपचार खर्च दिन जिल्ला अदालतले आदेश दियो । १३ पुस २०८० मा काठमाडौं जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजलासद्वारा लामिछानेले जबर्जस्ती करणी गरेको ठहर गरियो । अन्ततः उच्च अदालत पुगेका सन्दीपले बुधबार सफाइ पाएका हुन् ।

■ ■ ■

### निलम्बन फुकुवा...

सन्दीप राष्ट्रिय टोलीका पूर्वकप्तानसमेत हुन् । उनलाई गत २६ पुसमा क्यानले क्रिकेटका सबै गतिविधिबाट निलम्बित गरेको थियो । गएको पुस १३ गते जिल्ला अदालत काठमाडौंबाट उनी दोषी ठहरिएका थिए । तर, बुधबार उच्चबाट सफाइ पाएपछि क्यानले निलम्बन फुकुवा गरेको हो । अदालतको फैसलाको आधारमा क्यानले लिएको निर्णयले सन्दीपले विश्वकप क्रिकेट खेल्ने भएका हुन् । हाल १५ सदस्यीय नेपाली क्रिकेट टोली वेस्ट इन्डिजमा छ ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)**– नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बुधबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर सात रूपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर पाँच रूपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १६८ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १७० रूपैयाँ र तेस्रो वर्गका लागि १७१ रूपैयाँ कायम भएको छ । डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः १५१ रूपैयाँ ५० पैसा, १५३ रूपैयाँ र १५४ रूपैयाँ पुगेको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रूपमा तोकेको छ । नयाँ मूल्य निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने छ ।

इण्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । आइओसीले बुधबार पेट्रोलको मूल्यमा प्रतिलिटर छ रूपैयाँ ७५ पैसा र डिजेलको मूल्यमा प्रतिलिटर पाँच रूपैयाँ नौ पैसाले घटाएर नयाँ बिक्री मूल्य पठाएको निगमले जनाएको छ ।


**बीमा अभिलेख हरायो**

मिति २०८०/१२/१५ गते कालीमाटी देखि कलंकी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हादा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : गिता खतिवडा
बीमालेख नं : ३०१००००४५४२
Sanima Reliance Life Insurance
ठेगाना : विदुर-१०, नुवाकोट
सम्पर्क नं : ९८४१४१०७७३

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/०१/१३ गते काठमाडौं महानगरपालिका, खरिबोट घर अगाडि पार्किङ गरिराखेको अवस्थामा ग्रे, रंगको मोटरसाइकल हराएकाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

नाम : रोकेन पौडेल
बाइक नं.: बा .प्र.०२-३५ प १०५२
च्यासिस नं.: MD2A36FX9MCJ98370
इन्जिन नं. : JIXCMH 93820
ठेगाना: कामनपा, खरिबोट
सम्पर्क: ९८४०७६४०४४

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०२/०३ गते)

नर बहादुर श्रेष्ठको नातिनी, चिनिया मान श्रेष्ठको छोरी, राम कृष्ण श्रेष्ठको पत्नी, काठमाण्डौ जिल्ला, केलटोल वडा नं २७ (हाल: काठमाण्डौ जिल्ला, प्युखा वडा नं २२) बस्ने रेणु श्रेष्ठको मिति २०८०/११/२५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्युरोड शाखामा रहेको बचत खाता नं.००५०००५८१२९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय न्युरोडमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन न. ०१-५३३१७१३

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०२/०३

यस कम्पनीको मिति २०८०/११/०३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मिराकल एस. एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १८७९८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बेथेस्डा इ.डि.यू. कन्सल्टेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सम्राट घिमिरेको नाममा १५ दिने सार्वजनिक सूचना**

काठमाडौँ जिल्ला महानगरपालिका वडा नं.६ बौद्धस्थित बौद्ध आधुनिक तरकारी बजार प्रा.लि. को सटर भाडामा लिई पसल गरी बस्ने चितवन निवासी तपाई **सम्राट घिमिरे** विगत लामो समयदेखि सटर बन्द गरी सम्पर्क विहिन भएकोले सटर खाली गराई पाऊँ भनी यस वडा कार्यालयमा निवेदन दिनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क राख्नु होला । अन्यथा कानुन बमोजिम प्रक्रिया अगाडि बढाइने यसै सूचनाद्वारा सूचित गराइन्छ ।

काठमाडौँ जिल्ला का.म.न.पा.६, कार्यालय बौद्ध, काठमाडौँ

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७९/१२/२१ मा दर्ता भएको **प्रा.लि.नं. १९१३९०** को **शिला निर्माण तथा सप्लायर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१।०२।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।



स्थानीय सरकार
**इस्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**इस्मा रजस्थल, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**सूचना प्रकाशित मिति २०८१/०२/०३**

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत Jaidhunga B.P. Park Tatha Jalasay Nirman Wada No. 1 (package 1st) निर्माण गर्ने कार्यका लागि मिति २०८१/०१/१४ गतेका दिन प्रकाशित सुचना अनुसार न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | निर्माण कम्पनी | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/SQ/80/81-23 | Jaidhunga B.P. Park Tatha Jalasay Nirman Wada No. 1(package 1st) | श्री Karishma Construction and Suppliers Pvt. Ltd. Bharatpur-12 | रु १६,०३,८४०.८० (भ्याट र पि.एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**



**पूर्वाधार विकास कार्यालय**
**भद्रपुर, झापा**

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HIMALAYAN KASTURI RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०२ LT. No 298084 चलानी नं. ६०२१३१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 2500 | ९१,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

प्रधानमन्त्री दाहालको प्रतिबद्धता

# सञ्चार क्षेत्रको समस्यालाई बजेटमा सम्बोधन गरिने

■ प्रभाव संवाददाता



**काठमाडौं–** मूलधारका सञ्चारमाध्यमहरूको छाता संगठन मिडिया एलाइन्स नेपालले आगामी बजेटमा सञ्चार उद्योगलाई बचाउनेगरी सहुलियतको व्यवस्था गर्न सरकारसँग माग गरेको छ । बुधबार एलाइन्सको एक प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर उक्त आग्रह गरेको हो ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको भेटमा एलाइन्सका महासचिव दिरेकलाल श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलले विभिन्न मागसहितको पत्र प्रधानमन्त्रीलाई बुझाएको थियो । टोलीले सञ्चारगृहहरूले अहिले सामना गरिरहेको आर्थिक संकटको अवस्थाबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै यसबाट बचाउन सरकारले आगामी बजेटमार्फत विशेष व्यवस्था गर्नुपर्ने माग राखेको छ ।

एलाइन्सको पत्र बुझ्दै प्रधानमन्त्री दाहालले सञ्चार क्षेत्रको समग्र समस्या सम्बोधन गर्नेगरी बजेटमा व्यवस्था गर्ने प्रतिबद्धता जनाए । उनले नेपाली सञ्चार जगतले कहिल्यै पनि कसैसँग सम्झौता नगरेको इतिहास स्मरण गराउँदै अहिले पनि सशक्त भूमिका निर्वाह गरिरहेको बताए । 'मिडियाले आफ्नो धर्म सही तवरले निर्वाह गरेको छ । कसैसँग सम्झौता नगर्नुहोस् । म तपाईंहरूको साथमा छु,' प्रधानमन्त्री दाहालले भने ।

प्रधानमन्त्रीलाई बुझाइएको पत्रमा विभिन्न समयको महामारीका कारण सुस्त बनेको अर्थतन्त्रका कारण सञ्चार उद्योगले संकटको सामना गरिरहेको उल्लेख गर्दै सरकारको सहयोग नहुने हो भने मूल प्रवाहका व्यावसायिक मिडिया बन्द हुने अवस्थामा पुग्नेतर्फ सरकारको ध्यानाकर्षण गराइएको छ । मूलप्रवाहका सञ्चारमाध्यम कमजोर हुँदा समाजमा गलत सूचना प्रवाह हुने, नागरिकहरू दिग्भ्रमित हुने र त्यसको प्रत्यक्ष असर राजनीतिदेखि सबै क्षेत्रमा पर्ने पत्रमा उल्लेख छ । यही कारण सरकारले मिडियाका लागि तत्काल राहत र संरक्षणको पहल गर्नुपर्नेमा एलाइन्सले जोड दिएको छ ।

एलाइन्सले विज्ञापन, सहुलियतपूर्ण कर्जा र नियमन सम्बन्धमा सरकारलाई तत्काल केही व्यवस्था गर्न आग्रह गरेको छ । बिमा कम्पनी, शिक्षण संस्था, बैंक तथा वित्तीय संस्थालगायतका क्षेत्रबाट हुने विज्ञापनको सीमा निर्धारण गरी निश्चित रकमभन्दा बढीको विज्ञापन गर्न नपाउने हालको व्यवस्था परिवर्तन गरी सञ्चार क्षेत्रमा जाने विज्ञापनमा सीमा हटाउने व्यवस्था गनुपर्ने, आमसञ्चार माध्यममा मदिराजन्य पदार्थको विज्ञापन गर्न लगाइएको रोक खुला गर्नुपर्नेलगायत माग गरिएको छ ।

सम्पूर्ण सरकारी विज्ञापन विज्ञापन बोर्डबाट विज्ञापन एजेन्सीमार्फत जाने र विज्ञापनदाताले विज्ञापनको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चारमाध्यमको बिल अनिवार्य रूपमा संलग्न हुनुपर्ने व्यवस्था गर्नुपर्ने, नेपालमा व्यापार, व्यावसाय तथा सेवासम्बन्धी कार्य गर्ने नेपाली कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा एक प्रतिशत र विदेशी कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा तीन प्रतिशत रकम विज्ञापनमा खर्च गर्नुपर्ने व्यवस्था गर्नुपर्ने माग एलाइन्सले राखेको छ ।

साथै सञ्चार उद्योगलाई अन्य कुनै धितो नराखी सम्बन्धित मिडिया कम्पनी नै धितो राखेर बढीमा तीन प्रतिशत ब्याजदरमा १० करोडसम्म थप सहुलियत ऋण दिने व्यवस्था गर्नुपर्ने, मूल्य अभिवृद्धि कर (भ्याट) समयमै नबुझाएका कारण लाग्ने ब्याज तथा जरिवानालाई मिनाह गरी बुझाउन बाँकी भ्याट किस्ताबन्दीमा बुझाउन पाउने व्यवस्था गर्नुपर्ने, रेडियो तथा टेलिभिजनको नवीकरणमा लाग्दै आएको दुई प्रतिशत रोयल्टी शुल्क मिनाह गर्नुपर्नेलगायतका मागसमेत पत्रमा समेटिएको छ । यसैगरी पत्रपत्रिका छपाइका लागि प्रयोग हुने न्युज प्रिन्टमा लाग्दै आएको एक प्रतिशत भन्सार शुल्क मिनाहा गर्नुपर्ने माग गरिएको छ ।

यसअघि एलाइन्सको प्रतिनिधिमण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालाई भेटेर आफ्ना मागहरू राखेको थियो । सञ्चारमन्त्री शर्माले पनि एलाइन्सको मागहरू आगामी बजेटमार्फत सम्बोधन गर्न आफ्नो तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएकी थिइन् ।

# दलीय राजनीति छाड्दै शिक्षक-कर्मचारी

■ प्रकाश सिलवाल

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको सकारात्मक प्रभाव परेको छ । शिक्षक-कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्यसमेत भएको भन्ने गुनासोपछि शिक्षामन्त्री सुमना श्रेष्ठको यही वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएकी थिइन् ।

केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाही गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइलाई निर्देशन दिएको थियो । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजुरी र गुनासो प्राप्त आएपछि मन्त्रालयले विद्यमान कानुनी व्यवस्थाले सो कार्यलाई निषेध गरेकाले कानुनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो । शिक्षकहरूले पढाइ हुने समयमासमेत दलीय राजनीतिमा लागेर शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिएको गुनासो आएपछि मन्त्रालयले कानुनी व्यवस्थालाई पालना गर्न निर्देशन दिएको थियो । साथै शिक्षक संगठनका नेताहरूले आफूहरूको राजनीतिक आस्था हुन पाउने अधिकारलाई वञ्चित नगर्न आग्रह गर्दै आएका थिए ।

शिक्षा ऐन २०२८ (नवौं संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्धता हुन नपाइने व्यवस्था गरेको छ । सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न-गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव हंशबहादुर शाहीका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन् । कतिपय शिक्षकले भने सम्बन्धित दललाई भनेर आफ्नो सदस्यतालाई नाम परिवर्तन गरेर अभिलेखीकरण गरिदिन आग्रह गरेको पाइएको छ ।

शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासंघका प्रतिनिधिबीच शनिबार भएको भेटवार्तामा मन्त्रालयको निर्देशन कार्यान्वयनका विषयमा छलफल भएको थियो । शिक्षक नेताहरू बाहचरूपमा विरोध गरे पनि कानुनी बाध्यताका कारण मन्त्री र मन्त्रालयका अधिकारीका सामु निर्देशन पालनाका पक्षमा रहेको जनाउन विवश छन् ।

नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षक कर्मचारीका सेवासुविधा र पेसागत मागमुद्दाको सम्बोधनका लागि आफूहरू निरन्तर लागिरहने उल्लेख गर्दै ट्रेड युनियन अधिकार कानुनी अधिकार भएकाले यसबाट भने कसैलाई वञ्चित गर्न नसकिने जिकिर गरे । महासंघ विद्यमान कानुनी व्यवस्थाबाटै स्थापित भएकाले मन्त्रालयले निर्देशनले शिक्षक-कर्मचारीका पेसागत संस्थालाई कुनै असर नपर्ने बताए ।

नेपाल शिक्षक संघका महासचिव ज्ञानेन्द्रबहादुर रावलले पनि कानुनमै भएको व्यवस्था कार्यान्वयनका लागि आफूहरू तयार नहुनुपर्ने कारण नभएको बताए । तर शिक्षामन्त्री वा उच्च कर्मचारीले यसलाई 'स्टन्ड' का रूपमा बढी प्रचार गर्न नहुने उनको भनाइ छ । शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासंघका प्रतिनिधिबीच शनिबार भएको भेटवार्तामा उक्त निर्देशनका यही विषयमा छलफल भएको रावलले जानकारी दिए ।

'हामी शिक्षक सक्रिय राजननीतिमा लाग्न हुँदैन भन्नेमा स्पष्ट छौं, संघका कुनै पनि सदस्यलाई हामीले सक्रिय राजनीतिमा लाग्न भनेका छैनौं । कुनै दल विशेषमा व्यक्तिगतरूपमा कोही शिक्षक सदस्य छन् भने त्यसलाई सम्बन्धित दल र शिक्षकले कानुनतः मिलाउनुपर्ने हुन्छ,' शिक्षक नेता रावलले भने, 'तर शिक्षक र कर्मचारीको राजनीतिक आस्था हुनसक्छ, त्यसलाई भने रोक्न पाइँदैन ।'

नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गंगाराम तिवारीले एकाधबाहेक अधिकांश विद्यालय कर्मचारी राजनीतिक दलको सदस्य र कार्यकारिणी सदस्य नरहेको जनाउँदै कानुनी व्यवस्थाको पालनामा शिक्षक पनि सकारात्मक हुनुको विकल्प नभएको बताए ।

शिक्षामन्त्री श्रेष्ठले शिक्षा क्षेत्रमा दलीय राजनीति अन्त्यका लागि निर्ममरूपमा प्रस्तुत हुने बताउँदै आएकी छन् । मन्त्री श्रेष्ठले आफ्नो कार्यकालको एकमहिने अवधिमा भएका सुधारका थालनीबारे जानकारी दिन गत चैत २३ गते सिंहदरबारमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्राध्यापक, शिक्षक वा कर्मचारीले दलीय राजनीति गरेको प्रमाण भेटिएमा उजुरी दिन आग्रह गर्दै उजुरीलाई कानुनबमोजिम सम्बन्धित निकायमार्फत कारबाही गराइने दृढता व्यक्त गरेकी थिइन् । हाल प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सममका स्थायी, अस्थायी, राहत, करारलगायत गरी करिब तीन लाख ५० हजार शिक्षक कार्यरत छन् । *रासस*


## भुलसुधार गरिएको — युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NADA BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/०७/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/०१ | LT. No. 294277 | चलानी नं. ६०२१९३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 0 | 900 | ३२,६५१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 28 | 0 | 1200 | ४३,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FIKREE CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | LT. No. 304810 | चलानी नं. ६०२१९५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 4 | 0 | 1200 | ४३,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WATAN FIRST CO. FOR HUMAN RESOURCES

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304805 | चलानी नं. ६०२१९५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHYA AHMED RAQWANI COMPANY LTD.FOR TRAD.&CONT.

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 296793 | चलानी नं. ६०२११८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 14 | 0 | 1800 | ६३,६७५ | | | | | | | |
| 3 | Electrical Cable Connecter | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 4 | Electrical Machanic | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 5 | Light Equipment Mechanic | 6 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४२,४५० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1500 | ५३,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ११ गते (24th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANSOUR MOHAMMED AL-AJMI CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८१/०२/०२ | LT. No.304834 | चलानी नं. ६०२१९५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1800 | ६५,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४२,६७० | | | | | | | |

कम्पनी : AL MISNAD SERVICES

पूर्व स्वीकृति मिति: २०८०/१०/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/०२ | LT. No.298818 | चलानी नं. ६०२१३७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1500 | ५४,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 42 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 3 | Supervisor | 3 | 0 | 3500 | १२७,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Khaled Al-Adham Miteb Al-Anzi and Partners Company for General Trading and Contracting

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | LT. No. 304819 | चलानी नं. ६०२१९५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



Government of Bagmati Provence
Ministry of Internal Affairs and Law
Hetauda, Makwanpur

## INVITATION FOR SEALED QUOTATION

Date of Published -2081/02/03

Government of Bagmati Provence, Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur invites sealed Quotation (hard copy) from registered, eligible and interested bidders for the following works. For more detail bidders may contact at concerned office.

| SN | Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of Purchase of bid document | Last date of bid submission, opening time and place | Bid Security | Account Details | Estimate Amount NRS. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SQ/ MOIAAL/ 03/2080/081 | Sewing Machine, Interlocking Machine (Electric) and Electric Rice Steamer at Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur | NRS. 1000.00 | 2081-02-17 till 1700 Hrs. At concerned office | 2081-01-18 till 1200 Hrs. and 1300 Hrs. respectively at concerned office | NRS. 50,000.00 (75 days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata**:1300100202030000 Bank Name: **Rastriya Banijya Bank** Hetauda, Makwanpur. office code : 3140032013 office name : Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. | Nrs. 19,94,060.00 |
| 2 | SQ/ MOIAAL/ 04/2080/081 | Power Backup at Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur | NRS. 1000.00 | 2081-02-17 till 1700 Hrs. At concerned office | 2081-01-18 till 1200 Hrs. and 1300 Hrs. respectively at concerned office | NRS. 50,000.00 (75 days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata**:1300100202030000 Bank Name: **Rastriya Banijya Bank** Hetauda, Makwanpur. Office code : 3140032013 office name : Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. | Nrs. 19,94,000.00 |
| 3 | SQ/ MOIAAL/ 05/2080/081 | Desktop Computer Set at Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur | NRS. 1000.00 | 2081-02-17 till 1700 Hrs. At concerned office | 2081-01-18 till 1200 Hrs. and 1300 Hrs. respectively at concerned office | NRS. 37,500.00 (75 days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata**:1300100202030000 Bank Name: **Rastriya Banijya Bank** Hetauda, Makwanpur. office code : 3140032013 office name : Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. | Nrs. 14,98,560.00 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नीति र बजेटबीच खाडल नबनोस्

सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम संघीय संसद्मा प्रस्तुत गरेसँगै क्रिया प्रतिक्रिया आउने क्रम जारी छ । बजेटअघि प्रस्तुत गरिने नीति तथा कार्यक्रमलाई कतिपयले 'कर्मकाण्डी' को रूपमा टिप्पणी गर्दै आएका छन् । कारण, हरेक सरकारले ल्याउने नीति तथा कार्यक्रमका अधिकांश बुँदाहरू अघिल्लो वर्षकै दोहोरिने गरेको छ । अर्को भनेको नीति तथा कार्यक्रममा भनिएका कुराहरू बजेटमा आउँदैन । अर्थात् नीति तथा कार्यक्रम र बजेटबीचको तालमेल पटक्कै हुँदैन । विगतको अभ्यासले त्यही देखाउँछ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तेस्रोपटक सरकारको नेतृत्वमा छन् । त्यसैले उनी सत्ता चलाउन अनुभवी भइसके । त्यसकारण पनि उनी नेतृत्वको सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट व्यावहारिक र कार्यान्वयनमुखी आउने आम अपेक्षा रहन्छ । तर, त्यो परिपक्वता दाहाल सरकारले कति देखाए ? त्यो नीति तथा कार्यक्रमले नै छर्लंग पारेको छ । दाहालले भन्दै आएको 'क्रमभंगता' यसपटकको नीति तथा कार्यक्रममा देख्न पाइएन । यद्यपि, परम्परागतभन्दा केही फरकपन देखिएको छ । अधिकांश कार्यक्रमहरू पुरानै छन् । केही नयाँ कार्यक्रम अगाडि सारिएको छ । समग्रमा नीति तथा कार्यक्रम महत्त्वाकांक्षी भने देखिएको छैन ।

यो नीति तथा कार्यक्रमले वर्तमान आर्थिक संकटलाई पार लगाउन नसक्ने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको टिप्पणी छ । उल्टै, थप क्षयीकरणतर्फ लैजाने भन्दै कांग्रेस नेता एवं पूर्वअर्थमन्त्री प्रकाशशरण महतले बताएका छन् । हुन त प्रतिपक्षको धर्म नै हो, नराम्रो पक्षलाई हाइलाइट गरिदिने । त्यसो हुँदा राम्रा पक्षलाई चर्चा गर्दैन प्रतिपक्षले । तर प्रतिपक्षले गरेको टिप्पणीलाई सकारात्मक रूपमा लिएर सुधार गर्न सके सरकारका लागि मात्रै नभएर मुलुककै लागि फाइदा हुने कुरामा दुईमत छैन ।

नीति तथा कार्यक्रममा 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम', 'रिटर्नी उद्यमशीलता कार्यक्रम', रोजगारी वृद्धिका लागि विभिन्न कार्यक्रमलगायत केही राम्रा कार्यक्रमहरू अघि सारिएको छ । त्यस्तै निजी क्षेत्रलाई समेट्ने योजनाहरू पनि समेटिएका छन् । यी कार्यक्रमहरूलाई आगामी बजेटमा कसरी ल्याउँछ हेर्न बाँकी नै छ । नीति तथा कार्यक्रम भनेको सैद्धान्तिक कुरामात्र हो, बजेटमा समेटिएन भने कार्यान्वयनमा आउँदैन । त्यसैले नीति तथा कार्यक्रम र बजेटबीच उचित तालमेल होस् । अर्थमन्त्री वर्षमान पुनले भनेजस्तै तालमेल योपटक देख्न पाइयोस् । बजेट बनाइरहेको सरकारले महत्त्वाकांक्षी भन्दा पनि कार्यान्वयनमुखी बजेट ल्याउन ध्यान दिनुपर्छ । नीति तथा कार्यक्रमले जगाउन नसकेको आशालाई बजेटले सम्बोधन गरोस्, गर्नुपर्छ ।

## मननयोग्य

### विदुर नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# इतिहास जोगाउन स्थानीय सरकार



▸▸ राजकुमार दिक्पाल

स्थानीय सरकारहरूले आफ्नो पालिका क्षेत्रभित्र रहेका सार्वजनिक स्थलका शिलालेखहरूको संरक्षण गर्ने पहल गर्नुपर्छ । यस्ता शिलालेख राख्ने व्यक्ति वा परिवारले दर्साएको परोपकारी व्यवहारलाई उचित मूल्यांकन गर्नु वर्तमान पुस्ताको दायित्वभित्र पर्छ । यस्ता कीर्ति राख्नका लागि अरूलाई पनि उत्प्रेरित गर्न सकिने हुँदा इतिहासका यस्ता प्रमाणहरूलाई नष्ट हुनबाट जोगाउन स्थानीय सरकारहरूले गम्भीरतापूर्वक काम गर्न सक्छन् । भौतिक विकास तथा निर्माण गर्ने नाममा ऐतिहासिक धरोहरहरूसँगै इतिहासको प्रमाण बोल्ने शिलालेखहरू नष्ट हुन सक्नेतर्फ स्थानीय सरकार सावधान हुन जरुरी छ ।

धनकुटा जिल्लाको चौबिसे गाउँपालिका (साविकको कुरुले तेनुपा गाविस) मा एउटा थुम्को छ । त्यस थुम्कोलाई गढी भनिन्छ । त्यस थुम्कोमा अहिले कुरुले तेनुपा माध्यमिक विद्यालयको भवन छ । ऐतिहासिक रूपमा सामरिक र प्रशासनिक दृष्टिकोणले अत्यन्तै ठूलो महत्त्व राख्ने कुनै बेला एउटा गढी थियो यो थुम्कोमा तर अब यस ऐतिहासिक गढीको कुनै पनि भौतिक संरचनाको अवशेष देख्न पाइँदैन । इतिहासको यो गढी अब एकादेशको दन्त्यकथाजस्तै हुन पुगेको छ ।

इतिहासकारहरूले गरेको यो गढीको चर्चाअनुसार यसको महत्त्व प्राचीनकालतिर पुग्छ । इतिहासकारद्वय प्रेमबहादुर मावोहाङ र भूपेन्द्रनाथ ढुंगेलले २०११ सालमा छापिएको आफ्नो पुस्तक संक्षिप्त नेपाल इतिहासमा यो गढी यस क्षेत्रमा लिम्बूहरूको बसोबास सुरु भएदेखि नै तत्कालीन लिम्बू राजा मावोहाङ रायले निर्माण गरेको उल्लेख गरेका छन् ।

यस्तै, इतिहासकार शिवकुमार श्रेष्ठले २०४२ सालमा प्रकाशित भएको आफ्नो पुस्तकमा यो गढी लिम्बू राजा साइयोकहाङले निर्माण गरेको उल्लेख गरेका छन् । यो गढीका बारेमा पृथ्वीनारायण शाहको पत्रमा पनि उल्लेख छ । १८३१ साउनमा विजयपुरबाट अभिमानसिंह बस्न्यात र पारथ भण्डारीको नेतृत्वमा उत्तर पाँचथरतिर बढेको गोर्खाली सेना यो गढी पुगेको र त्यहाँबाट अगाडि बढेको पृथ्वीनारायण शाहको पत्रमा उल्लेख छ । सेनकालमा यो गढीबाट महत्त्वपूर्ण प्रशासन चल्थ्यो भन्ने ऐतिहासिक तथ्यको संकेत पृथ्वीनारायण शाहको पत्रबाट पनि मिल्छ । पछिसम्म यो गढीका कुरुवाहरूलाई जिम्मेवारी र जागिरहरू दिइएका ऐतिहासिक लालमोहरहरू पाइएका छन् ।

इतिहासको महत्त्व बुझ्न नसक्दा त्यस महत्त्वपूर्ण ऐतिहासिकस्थललाई मासेर विद्यालय भवन निर्माण गरिएको देखिन्छ । अब फेरि सञ्चालनमा आएको विद्यालय भवनलाई भत्काएर गढी भएको यो स्थलको उत्खनन् गर्न सम्भव छैन । त्यसैले यस गढीसम्बन्धी प्राप्त हुनसक्ने ऐतिहासिक पत्रहरू केलाएर गढीसम्बन्धी ऐतिहासिक अभिलेख भने राख्न सकिन्छ ।

धनकुटाको कुरुले गढी मासिएजस्तै नेपालमा यस्ता ऐतिहासिक स्थलहरू कति मासिए होलान् ? अब अन्य कुनै पनि ऐतिहासिक स्थलहरूलाई मासिनबाट जोगाउन सरोकारवाला स्थानीय सरकारले विशेष बुद्धिमत्ता अपनाएर पहलकदमी गर्न जरुरी छ । प्रकृतिले दिएको मात्रै होइन, पुर्खाले छाडी गएको निसानीले वर्तमानको गौरवलाई समृद्ध बनाउँछ । यस्ता गौरवहरू भावी पुस्तालाई समर्पण गर्न सकिए उनीहरू पनि गौरवान्वित हुने छन् । पुर्खाको निशानी मास्नु भनेको आफ्नै गौरव र सभ्यतालाई छिन्नभिन्न बनाउनु हो । यस्तो कार्यलाई किमार्थ उचित मान्न सकिन्न ।

### शिलालेखहरूको संरक्षण

हाम्रा पुर्खाहरूको समयमा परत्र सुधारका लागि जनहितको काम गर्दा चौतारा, हिटी, पोखरी, मन्दिर तथा पाटीपौवा आदि बनाउने चलन थियो । यिनीहरूसँगै शिलालेख राखेर आफ्नो धर्मकीर्तिका बारेमा जानकारी दिने चलन थियो । अहिले पनि यस्ता महत्त्वपूर्ण शिलालेखहरू ठाउँठाउँमा भेटिन्छन् । कतिपय शिलालेखहरू त मासिएर पनि गएका छन् । कतिपय शिलालेखहरू घर वा सडक बनाउँदा प्रयोग भए होलान् ।

स्थानीय सरकारहरूले आफ्नो पालिका क्षेत्रभित्र रहेका सार्वजनिक स्थलका शिलालेखहरूको संरक्षण गर्न पहल गर्नुपर्छ । यस्ता शिलालेख राख्ने व्यक्ति वा परिवारले दर्साएको परोपकारी व्यवहारलाई उचित मूल्यांकन गर्नु वर्तमान पुस्ताको दायित्वभित्र पर्छ । यस्ता कीर्ति राख्नका लागि अरूलाई पनि उत्प्रेरित गर्न सकिने हुँदा इतिहासका यस्ता प्रमाणहरूलाई नष्ट हुनबाट जोगाउन स्थानीय सरकारहरूले गम्भीरतापूर्वक काम गर्न सक्छन् । भौतिक विकास तथा निर्माण गर्ने नाममा ऐतिहासिक धरोहरहरूसँगै इतिहासको प्रमाण बोल्ने शिलालेखहरू नष्ट हुन सक्नेतर्फ स्थानीय सरकार सावधान हुन जरुरी छ । इतिहासलाई नष्ट पार्ने अधिकार कसैलाई छैन ।

यस्तै, मन्दिरमा चढाइने घण्ट तथा ताम्रपत्रहरूमा पनि अभिलेखहरू लेखिएको पाइन्छ । यिनीहरू पनि इतिहासको प्रमाण बोल्ने साक्षीहरू हुन्, जसलाई संरक्षण गर्न स्थानीय सरकार प्रशस्तै कामहरू गर्न सक्छन् । शिलालेखहरूको संरक्षणको सन्दर्भमा हनुमानढोका दरबार क्षेत्रमा भेटिएको एउटा शिलालेखबारे यहाँ चर्चा गर्न उपयुक्त हुने छ ।

इतिहासकार गौतमबज्र बज्राचार्यले आजभन्दा ५० वर्षअघि हनुमानढोका दरबार क्षेत्रको अध्ययनका क्रममा एउटा यस्तो शिलालेख फेला पारे, जुन हनुमानढोकाको देगुतले मन्दिरमा पेटी बनाउन प्रयोग गरिएको थियो । यसरी पेटी बनाउन प्रयोग गरिएको कारण शिलालेखको धेरै भाग खण्डित हुन पुगेको छ । अंशुवर्माको समयको यो शिलालेखमा 'किरात' भन्ने शब्द परेको छ ।

नेपालका किरातकाल थियो र किराती राजाहरू थिए भन्ने वर्णन गोपालराजवंशावलीलगायत अन्य केही वंशावलीमा पाइन्छ तर किरात लेखिएको कुनै अभिलेख भने पाइएको थिएन । लिच्छवीकालमा 'किरात' लेखिएको शब्द फेला परेकाले किरातकाल थियो भन्ने प्रमाण जुटाउनका लागि महत्त्वपूर्ण हुने यो शिलालेखमाथि इतिहासकार गौतमबज्र बज्राचार्यको पहिलो नजर पर्न गयो । त्यसपछि यो शिलालेखलाई इतिहासकारहरू धनबज्र बज्राचार्य तथा महेशराज पन्तले गम्भीरतापूर्वक अध्ययन गरेको पाइन्छ ।

अहिले यो शिलालेख हनुमानढोका संग्रहालयमा सुरक्षित राखिएको छ । गौतमबज्र बज्राचार्यजस्तो मर्मज्ञ इतिहासकारको नजर नपरेको भए यो शिलालेखको हालत के हुने थियो होला ? यस्ता ठूला महत्त्वका शिलालेखहरू स्थानीयस्तरमा पनि पाइने हुँदा तिनीहरूको संरक्षण गर्न सके इतिहास संरक्षणमा ठूलो योगदान गर्न सकिन्छ । यसबारे स्थानीय सरकारले हेक्का राख्न जरुरी छ, यस्ता शिलालेखहरू रोडा गिट्टीमा परिणत नहोउन् ।

### भौतिकसँगै बौद्धिक विकास

झट्ट हेर्दा भौतिक विकास निर्माण मात्रै स्थानीय सरकारको दायित्वभित्र पर्ने काम हो कि जस्तो पनि लाग्छ । नेपालको सबै ठाउँमा सडक, विद्युत्, विद्यालय, खानेपानीजस्ता भौतिक पूर्वाधारहरूको विकास भइनसकेका कारण प्रायः सबैजसो स्थानीय सरकारले भौतिक पूर्वाधारमै जोडबल गरेको देखिन्छ । यसकै लागि स्थानीय सरकारहरूले अधिकतम बजेट छुट्याएर काम गरिरहेका छन् । यो अनावश्यक काम होइन तर भौतिक विकास र निर्माणसँगै पुरातात्त्विक र ऐतिहासिक धरोहरको संरक्षण र तिनीहरूको अभिलेखीकरणलाई पनि उत्तिकै प्राथमिकताको सूचीमा राखेर स्थानीय सरकारले उचित कदम चाल्न सके यसले उक्त पालिका क्षेत्रको बौद्धिक सौन्दर्य र पहिचानलाई यथोचित रूपमा स्थापित गर्न सक्छ । किनकि ऐतिहासिक धरोहरहरूको संरक्षण र अभिलेखीकरणले इतिहास संरक्षणका लागि वास्तविक सहयोग पुऱ्याउँछ । इतिहास भनेको ज्ञानको स्रोत हो । ज्ञानको स्रोतको संरक्षण बौद्धिक विकासको पर्याय हो । यस प्रकारको पहल कदमीबाट पनि ती पालिकाहरूको बौद्धिक सभ्यता आंकलन गर्न सकिन्छ ।

उदाहरणका लागि तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिकाको कामलाई लिन सकिन्छ । यस नगरपालिकाले चोत्लुङ पार्क निर्माण गर्दा पार्कभित्र लिम्बू परम्परागत घर निर्माण गरेको छ । यस नगर क्षेत्रमा घुम्न वा काम विशेषले पुग्नेहरूमध्ये सबैजसो यो पार्कमा पुग्छन् । त्यहाँ पुगेर लिम्बू परम्परागत घरलाई पृष्ठभूमिमा राखेर फोटो खिचाउँछन्, कोही सेल्फी खिच्छन् । यसरी यो पार्कले पर्यटकहरूलाई आकर्षण गरिरहेको छ । यो पार्कभित्र रमिता हेर्ने, फोटो खिच्ने र रमाउने साधनहरू मात्रै छैनन्, लिम्बू परम्परागत घरभित्र सिंगो संग्रहालय पनि छ ।

यस संग्रहालयमा पुराना भौतिक सामग्रीहरू प्रदर्शनमा राखिएका छन् । अझ यो संग्रहालयको अर्को विशेषता हो, पुराना अभिलेख तथा पुस्तकहरूको संग्रह । संग्रहालयभित्र सुरक्षित पुराना कागजपत्रहरू इतिहास अध्येताहरूका लागि ठूलो राहतका साधनहरू हुन् । त्यसैले यो पार्कमा पुग्दा भौतिक मनोरञ्जन मात्र होइन, बौद्धिक मनोरञ्जन पनि प्राप्त गर्न सकिने हुँदा यो पार्कको लक्ष्य प्राज्ञिक पर्यटन प्रवर्द्धन पनि रहेको देखिन्छ, खासगरी इतिहासको क्षेत्रमा ।

यस नगरपालिकाको मेयर अर्जुनबाबु माबुहाङ आफैं पनि इतिहासकार र लिम्बू मुन्धुमविद् हुन् । उनले आफ्नो ज्ञानको भरमग्दुर प्रयोग यो पार्कमा गरेको देखिन्छ । पहिलेको तुलनामा अहिलेका स्थानीय सरकारहरू धेरै स्वायत्त र अधिकार सम्पन्न छन् । यस्तो अधिकार र स्वायत्ततालाई केवल भौतिक विकास र निर्माणको क्षेत्रमा मात्रै लागू गर्न हुँदैन । विकासको मापन भौतिक उन्नति र परिवर्तनको आधारमा मात्रै गरिनु हुँदैन । अझ भौतिक विकास निर्माणका क्रममा ऐतिहासिक र सांस्कृतिक सम्पदा ध्वस्त हुन पुगेको सन्दर्भ यो लेखको सुरुमै उल्लेख भइसकेको छ । विद्यालय भवन निर्माणको नामका एउटा सिंगो ऐतिहासिक गढीलाई मैदान हुनबाट जोगाऔं । *रासस*

*(लेखक इतिहास अध्ययनमा रुचि राख्छन्)*

## पत्र-मञ्जुषा

# जनताको पीडा नबुझ्ने 'गठबन्धन'

नेपाली जनता सीधा र इमान्दार छन् । उनीहरू विश्वासमा परिहाल्छन् । आफूलाई परेको समस्या कसैले उठाइदियो भने उनीहरू ज्यान फालेरै त्यो व्यक्ति वा पार्टीको पछाडि लाग्छन् । विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले गत मंसिर ७ गते हजारौं जनता सडकमा उतारे ।

यहाँ करोडौं नागरिकलाई लघुवित्त, सहकारी, फाइनान्स र बैंकले ठगेका थिए । उनले त्यो कुरा उठाइदिए । त्यसपछि बैंक तथा वित्तीय संस्थाबाट ठगिएकाहरू सबै उनको पछाडि लागे । राजनीतिक दलले उठाउन नसकेका कुरा उनले बाहिर ल्याइदिनु पीडितहरूका लागि ठूलो कुरा थियो ।

उनी पनि अरूजस्तै नागरिक नै थिए । तर, उनले उठाएको विषयवस्तु गम्भीर थियो । जसबाट धेरै प्रभावित बने । उक्त आन्दोलनले ठूलो रूप लिने देखेपछि सरकारले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा निषेधाज्ञा जारी गऱ्यो । निषेधाज्ञा जारी भए पनि आम सर्वसाधारणलाई केही फरक परेको थिएन ।

गाउँदेखि सहरसम्म दुर्गाको आन्दोलनलाई समर्थन गर्नुपर्ने भन्ने विषयमा चर्चा भइरहेको थियो । बैंक तथा वित्तीय संस्था 'चोर' हो, त्यसले धेरैलाई सुकुम्बासी बनायो, सीधासाधीलाई ठग्यो भनेर चिया पसल, चौतारातिर गफ गर्थे । आम सर्वसाधारण आफ्नो समस्या लिएर आन्दोलनमा आएका थिए ।

सरकारले नसुनेको पीडा सुनाउन उनीहरू आन्दोलनमा सहभागी भए । तर, प्रसाईंको आन्दोलनले अर्कै मोड लिइदियो । भीड जम्मा भएपछि उनले देशमा राजतन्त्र चाहिन्छ, राजा ल्याउनुपर्छ भन्नेपछि सर्वसाधारण आन्दोलनमा जानै छोडे । उनले सर्वसाधारणको पीडा बोल्नुको साटो राजतन्त्र झोला बोके ।

त्यसपछि आन्दोलनमा आएकाहरू निराश भएर आफ्नो गाउँठाउँ फर्किए । आन्दोलन त्यत्तिकै तुहियो । राजा चाहिने माग उठेको यो पहिलोपटक होइन । राजतन्त्र माग्नेहरू अहिले सदनभित्र छन् । राजेन्द्र लिङ्देन, प्रकाशचन्द लोहनी र कमल थापा राजतन्त्रको गुनगान गाउँदै आएका छन् । उनीहरूलाई राजा 'दुहुनो गाई' मात्र भएको सर्वसाधारणको आरोप छ । यता, दुर्गा पनि तिनैमध्ये एक रहेको सर्वसाधारणको भनाइ छ । अस्पताल सञ्चालनका निम्ति प्रसाईंले लाइसेन्स पाएका थिएनन् । केही महिनाअघि अदालतले उनको अस्पताललाई अनुमतिपत्र दिनू भनी सरकारको नाममा आदेश जारी गऱ्यो ।

आफ्नो फाइदाका निम्ति उनले जनताको आवाज उठाएझैं गरेका रहेछन् भन्ने त पुष्टि नै भइसकेको छ । यताबाट पनि फाइदा, उताबाट पनि फाइदा । आफूलाई काइदा भएपछि उनले सर्वसाधारणको आवाज उठाउनै छोडे । अरू राजनीतिक दलका नेता र उनमा केही फरक रहेनछ भन्ने कुरा देखिहाल्यो ।

नेपाली कांग्रेसले तीन महिनादेखि सदनमा सहकारीपीडितको आवाज उठाइरहेको छ । कांग्रेस सदन अवरोध गरिरहेको छ । सहकारी ठगीको आरोप लागेको गृहमन्त्री रवि लामिछानेउपर छानबिन गर्न समिति गठन गर्नुपर्ने माग छ । अहिले सबैभन्दा धेरै चर्चा सहकारीपीडितकै छ । जताततै सहकारीपीडित नै पीडित छन् । सबैको पैसा सहकारीले खाइदिएको छ । त्यसैले सहकारीपीडितको आवाज उठाउनु सानो कुरा होइन ।

केही महिनाअघि नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'मिसन ८४' अभियान थालेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपा सभापति रवि लामिछाने मिसनकै क्रममा विभिन्न जिल्ला पुगे । भाषण ठोके । तर, तिनको मिसनले हावा खाइसकेको छ । अहिले नेकपा माओवादी केन्द्र, एमाले, रास्वपालगायतका पार्टी सरकारमा छ । करोडौं जनतालाई बैंक तथा वित्तीय संस्थाले तहसनहस बनाएको छ ।

सहकारीले त करोडौंको बचतकर्ता पचाइदिएको छ । यता, लघुवित्त आतंक पनि त्यस्तै छ । फाइनान्स र बैंकले जेथो खाइदिँदा धेरै सुकुम्बासी बनेका छन् । बैंक तथा वित्तीय संस्थाले दिएको तनाव सहन नसकेर कतिपयले आत्महत्याको बाटो रोजेका छन् । तर, सरकारमा बस्ने राजनीतिक दलहरू यो विषयमा आवाज निकाल्दैनन् । करोडौं जनताको उठीबास लगाउने बैंक तथा वित्तीय संस्थाका सञ्चालकलाई कारबाही गर्नुपर्छ भनी कोही बोल्दैनन् । जनताबाट चुनिएर गएका सत्ता दलका सांसदहरू पनि मुखमा बुझो हालेर बसेका छन् ।

जनताको पक्षमा 'स्टचान्ड' लिन नसक्ने सांसद के काम ? पार्टीको इसारामा नाँचेका छन् । पार्टीले जे-जे भन्यो, त्यही बोल्छन् । अहिले सत्तामा भएका पार्टीहरूले जनताको आँशु पुछ्नुको साटो टुलुटुलु रमिता हेरिरहेको छ । जनताको पीडामा मल्हम लगाउनुको साटो मज्जा लिनेहरूको परणाम अवश्य भोग्नु पर्ने छ ।

२०८४ सालको निर्वाचनमा जनताले देखाइहाल्छन् । जनताको पक्षमा काम नगर्ने, निर्णय नलिने अनि कुन मुख लिएर जनतामाझ जाने ? आफ्नो जिन्दगीभरको कमाइ सकाएका छन्, परिवारका सदस्य गुमाएका छन् । 'रातमा निद्रा न दिनको भोक' को अवस्थामा बाँचिरहेका छन् । यस्तो हुँदासमेत सत्तारुढ दलहरूलाई अलिकति पनि फरक परेको छैन । पालो जनताको पनि अवश्य आउँछ । त्यो समयले देखाउने छ ।

*– अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मधेस प्रदेशका ९० प्रतिशत नागरिक बिमाको पहुँचबाहिर

**वीरगञ्ज (पर्सा)–** मधेस प्रदेशका ९०.६ प्रतिशत नागरिक बिमाको पहुँचबाहिर रहेका छन् । यहाँ बिमासम्बन्धी सचेतनाको कमी र सीमापार बिमा गर्ने परिपाटीका कारण बिमाप्रतिको आकर्षणमा कमी आएको हो । मधेस प्रदेशको कूल जनसंख्या ६१ लाख १४ हजार रहेको छ । नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालयका अनुसार प्रदेशको कूल जनसंख्यामध्ये २०८० चैत मसान्तसम्म ९.४ प्रतिशत अर्थात् पाँच लाख ७३ हजार ४३३ ले मात्रै बिमा गराएका छन् ।

यो तथ्यांकले मधेस प्रदेशमा बिमाप्रति सर्वसाधारणको आकर्षण कम रहेको देखाउँछ । नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालयका प्रमुख कुशुम शर्माले मधेस प्रदेशमा बिमाको पहुँच कम भएकाले तीनवटै तहका सरकारको समन्वयमा प्रदेशभरिका जनताको बिमा गर्ने योजना अघि बढाउन आवश्यक रहेको बताए ।

'मधेस प्रदेशमा बिमाको पहुँच न्यून देखिएको छ । यहाँका जनताको आर्थिक तथा स्वास्थ्यको स्तर कमजोर भएकाले तीनवटै तहको सरकारले आवश्यक समन्वय गरेर प्रदेशभरिका जनताको बिमा गरिदिने परिपाटीको विकास गर्न आवश्यक देखिएको छ,' उनले भने, 'यसअघि कर्णाली प्रदेश सरकारले त्यहाँका सबै जनताको बिमा गरिदिएझैँ यहाँ पनि सबै जनताको बिमा गर्न जरुरत देखिन्छ, त्यसका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरण तयार छ ।'

मधेस प्रदेशमा मात्रै होइन, समग्र मुलुकभरिका नागरिकमा बिमा पहुँचको अवस्था सन्तोषजनक छैन । गत चैत मसान्तसम्म मुलुकभरिका ४३.३ प्रतिशत जनसंख्या मात्रै बिमाको पहुँचमा छन् । अझै ५६.७ प्रतिशत नागरिक जीवन बिमाको पहुँचभन्दा बाहिर छन् । २०७५ सालसम्म मुलुकभरि १७ प्रतिशत जनता बिमाको पहुँचमा थिए ।

प्राधिकरण मधेस प्रदेश कार्यालयका सहायक निर्देशक निर्मल खनालले मधेस प्रदेशका नागरिकमा बिमा साक्षरतासम्बन्धी ज्ञानको कमी र सीमावर्ती बजारमा बिमा गर्ने परम्पराले बिमाको पहुँचमा कमी आएको बताए । 'मधेस प्रदेशमा उच्च गरिबी र अशिक्षाका कारण बिमा गर्नुपर्छ भन्ने सोचको विकास हुन सकेको छैन,' उनले भने, 'भारतीय सीमावर्ती बजारका कारण सीमापारी बिमा गर्ने परिपाटीले मधेस प्रदेशमा बिमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रूपमा बढाउन सकिएको छैन ।'

बिमाबाट अनुचित लाभ लिन खोज्ने प्रवृत्ति, बीमकको शाखा/उपशाखामा न्यून जनशक्ति र बिमासम्बन्धी गलत बुझाइले बिमालाई प्राथमिकता नदिँदा आकर्षण बढ्न सकेको छैन । निप्स ननलाइफ वीरगञ्जका अध्यक्ष धीरज शर्माले मधेस प्रदेशका जनता गरिबीको रेखामुनि र आर्थिक अवस्था कमजोर भएकाले राज्यकै तर्फबाट बिमा गर्ने संस्कारको विकास गर्न आवश्यक रहेको बताए ।

निप्स लाइफ वीरगञ्जका अध्यक्ष प्रमोदप्रसाद शाहले बिमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाको मारमा सर्वसाधारण पर्दा बिमाप्रतिको आकर्षण बढाउन नसकिएको बताए । 'अचेल बिमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाले बिमा गर्ने सर्वसाधारण मर्कामा परेका छन् । यस्ता विकृति-विसंगतिलाई प्राधिकरणले न्यूनीकरण गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ,' उनले भने ।

बिमा गर्नेले बिमा कम्पनीलाई बिमाको प्रिमियम तिरे पनि तत्कालै बिमाको दाबी भुक्तानी गर्नुपर्ने उनले बताए । 'बिमा दाबी भुक्तानी प्रक्रियागत झन्झट र लम्बेतान प्रक्रियाले सर्वसाधारणले समस्या भोगिरहनुभएको छ । सर्वसाधारणले भोगेका समस्या समाधान गर्न हामीले आवश्यक काम गर्दै आइरहेका छौं,' शाहले भने, 'बिमा कम्पनीले बिमाकर्ताबाट प्रिमियम लिएपछि भुक्तानी प्रक्रियालाई सहज बनाएर सर्वसाधारणलाई बिमाप्रति आकर्षण बढाउनेतर्फ आवश्यक कदम चाल्न जरुरी छ ।'

प्राधिकरणले बिमा क्षेत्रमा देखिएका विकृति अन्त्य गर्न विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । कार्यालयका अनुसार मधेस प्रदेशमा २०८० चैत मसान्तसम्म जीवन बिमातर्फ २२५ शाखा कार्यालय रहेका छन् । त्यस्तै निर्जीवन बिमातर्फ १२८ र माइक्रो जीवन बिमातर्फ सात र माइक्रो निर्जीवन बिमातर्फ चार गरी कूल ३६४ वटा बिमा कम्पनीका शाखा छन् । गत आवमा जीवन र निर्जीवन र अन्यतर्फ गरेर ३४० वटा शाखा कार्यालय रहेका थिए । *रासस*

## व्यास नगरपालिकामा पुनः मतगणना गर्न अदालतको आदेश




**दमौली (तनहुँ)–** तनहुँको व्यास नगरपालिकामा पुनः मतगणना गर्न उच्च अदालत पोखराले आदेश दिएको छ । व्यास नगरपालिकाका प्रमुखका उम्मेदवार दीपकराज जोशीले दायर गरेको रिटमा मंगलबार अन्तिम सुनुवाइ गर्दै अदालतले निवेदकको दाबी पुग्ने फैसला गरेको हो ।

उच्च अदालतका न्यायाधीश राजनप्रसाद भट्टराई र निर्मला पौडेल भट्टराईको संयुक्त इजलासले रिट निवेदक जोशीको पक्षमा फैसला सुनाएको उच्च अदालतका सूचना अधिकारी विश्वनाथ अर्यालले जानकारी दिए । मतगणनामा धाँधली भएको भन्दै जोशीले २०७९ जेठ १२ गते निर्वाचन आयोगसमेत पाँचजनालाई विपक्षी बनाई रिट दर्ता गरेको थियो । जोशीका पक्षमा पाँचजना अधिवक्ताले बहस गरेको थियो ।

स्थानीय तहको निर्वाचनअन्तर्गत व्यास नगरपालिकाको प्रमुख वैकुण्ठ न्यौपाने १२ हजार ७८ मत प्राप्त गरी विजयी भएका थिए । प्रतिस्पर्धी उम्मेदवार जोशीले ११ हजार ८२६ मत प्राप्त गरेका थिए ।

## हरिचौर–मल्म सडक निर्माणमा ढिलाइ



**बागलुङ (प्रस)–** बागलुङको क्षेत्र नं २ मा पर्ने हरिचौर-मल्म-पाण्डवखानी सडक निर्माणमा ढिलाइ भएको छ । एउटै समयमा ठेक्का सम्झौता भएको बागलुङ बजार अदालत चौपारी-सिगाना-चापाखर्क-गाजाको दहहुँदै बरेङ शान्तिपुर सडकको बोक्से-सिगाना खण्डमा भने ५० प्रतिशतभन्दा बढी काम भइसकेको छ ।

सडक निर्माणको सम्झौता गरेको दुई वर्ष पुग्न लाग्दा हरिचौर-मल्म-पाण्डवखानी सडकको भौतिक प्रगति जम्मा २५ प्रतिशत मात्रै भएको छ । सडक निर्माणको जिम्मा पाएको वर्ल्डवाइड/लोपूर्ण जेभी निर्माण कम्पनीले सडक निर्माणको कामलाई तीव्रता दिन नसक्दा समयसीमाभित्रै काम सकिनेमा स्थानीयवासी ढुक्क छैनन् । कामलाई निरन्तरता दिइए पनि गति सुस्त रहेको गलकोट नगरपालिका-७ का वडाध्यक्ष राज थापाले बताए ।

'दुई वर्षमा सडक स्तरोन्नतिको काम सम्पन्न हुनुपर्ने थियो, अहिलेसम्म तीन किलोमिटर सडकमात्र स्तरोन्नति गरिएको छ,' उनले भने । एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गत बागलुङ, म्याग्दी र मुस्ताङमा सञ्चालित चार ठूला सडकमध्ये सबैभन्दा कम काम हरिचौर-पाण्डवखानी सडक खण्डमा भएको वडाध्यक्ष थापाले जानकारी दिए ।

सडक निर्माणको जिम्मा पाएका निर्माण व्यवसायीलाई कामको गति बढाउन पटक-पटक आग्रह गर्दै आएको सडक डिभिजन कार्यालय बागलुङकी प्रमुख अनुक्षा घिमिरेले जानकारी दिइन् । 'चालु आर्थिक वर्षको छ महिनासम्म अर्थ मन्त्रालयले बजेट नपठाउँदा निर्माण व्यवसायीलाई ताकेता गर्न सकेका थिएनौं, अहिले काम गर्न सके भुक्तानीको समस्या हुन्न,' उनले भनिन् ।

उक्त सडकको २०७९ भदौमा २५ करोड २० लाख रूपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । उक्त खण्डको सुरुको हरिचौर-मल्लसम्मको आठ किलोमिटर सडक कालोपत्र सक्नेगरी सम्झौता भएको थियो । अहिले हरिचौरबाट भैंसेसम्मको सडक स्तरोन्नति सकिएको र बाँकी अप्ठ्यारा काम सकिने चरणमा रहेको निर्माणमा संलग्न कम्पनीका प्रतिनिधि अमिन लामाले बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AL JAHLAN AL QAHTANI SONS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 297943 | चलानी नं. ६०२१२९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1800 | ६५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम इजाजत नं. ११०८/०७३/०७४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM ABDULLAH AL FARES AND BROTHERS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति: २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 302830 | चलानी नं. ६०२१९६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 2200 | ७७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD MAWAHEB COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 304848 | चलानी नं. ६०२१९५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

कम्पनी : TWELVE GRAMS FOUNDATION FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304849 | चलानी नं. ६०२१९५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1400 | ४९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDULLAH MUHAMMAD MASRI AL-DOSSARY AUTOMOTIVE SERVICES ES.

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304847 | चलानी नं. ६०२१९५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMKAN INTERNATIONAL COMPANY FOR ALUMINUM WORKS

पूर्व स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 304800 | चलानी नं. ६०२१९६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Fabricators (Side Work) Curtain Wall Fixi | 40 | 0 | 170 | ७३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cnc Machine Operator | 7 | 0 | 170 | ७३,७९० | | | | | | | |
| 3 | Helper | 20 | 0 | 110 | ४७,७४५ | | | | | | | |
| 4 | Welder | 10 | 0 | 150 | ६५,११० | | | | | | | |

कम्पनी : ZAINAH ABDUL RAHMAN AHMED ALI COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 304801 | चलानी नं. ६०२१९६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : OVERFLOW CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 304727 | चलानी नं. ६०२१९६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED SAID MISFER ALGHAMDI RESTAURANTS FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304802 | चलानी नं. ६०२१९६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 5 | 0 | 1300 | ४६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MINI AND MANI SWEETS AND PASTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | LT. No.304742 | चलानी नं.६०२१९५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 0 | 10 | 140 | ६०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 20 | 0 | 150 | ६५,११० | | | | | | | |
| 3 | Helper | 5 | 0 | 150 | ६५,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com
Govt. License No. 1613/079/080

## कतार/साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAJLESS CO. FOR RESTAURANTS SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०२ | LT. No. 299731 | चलानी नं. ६०२१४६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 0 | 1 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

कम्पनी : MUTLAQ MOHAMMED AL HAJRI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 304696 | चलानी नं. ६०२१९१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 2500 | ८८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1900 | ६७,५६५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

कम्पनी : ABSOLUTE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 304697 | चलानी नं. ६०२१९१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 4 | 150 | ६५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम इजाजत नं. १०००/०६८/०६९

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TANZIFCO COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | LT. No. 304880 | चलानी नं. ६०२१९५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 46 | 0 | 1000 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com,Web: www.happynepalemployment.com.np
Tel: 025-572026, 9842170962, 9815390822 Branch Office: Dharan 2, Shanti path, Nepal,
श्रम इजाजत नं. ८८३/०६७/०६८

# प्रभाव दैनिक





## 'भिटेन'ले फेरि ल्याए अर्को छाडा गीत

छाडा र अश्लील गीतका कारण बेला-बेलामा पक्राउ पर्दै आएका र्‍यापर तथा गायक समीर घिसिङ 'भिटेन' ले फेरि अर्को छाडा गीत बजारमा ल्याएका छन् । 'डन्ट जज मि' बोलको उनको गीतमा थुप्रै अश्लील र अपाच्य शब्द प्रयोग भएको छ । गीत उनले आफ्नै कुरा राखेको जसरी तयार गरेका छन् । गीतको भिडियो पनि बनेको छ । भिटेन आफू समेत देखिएको भिडियोमा सोनार श्रेष्ठको अभिनय छ । भिडियोको कन्सेफ तथा निर्देशक पनि भिटेन आफैँले गरेका हुन् । दुई साता अगाडि सार्वजनिक गीत अहिलेसम्म १७ लाख बढीले हेरिसकेका छन् ।




बिहीबार ०३, जेठ २०८१ (Thursday, May 16, 2024)




# 'काम गर्नभन्दा टिक्न ठूलो कुरा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** विगत ७ वर्षदेखि सांगीतिक दुनियाँमा संघर्षरत नाम हो सौगातजंग थापा । सानैदेखि गीत गुन-गुनाउन मन पर्ने, सुनेका गीहरूलाई कण्ठ पारि हाल्ने र गुन्गुनाइरहने बानीले उनलाई गायक बन्ने सपनाले तान्न थाल्यो ।

सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. २ मा जन्मिएका गायक थापा गोठालो जाँदा होस मेलापात जाँदा स्कुल पढ्दा सांगीतिक कार्यक्रमदेखि कलेज पढ्दा कलेजको सांगीतिक कार्यक्रमदेखी मेला महोत्सवमा पनि गाउन अघि सर्थे । उनको यही सपनाले उनलाई काठमाडौंसम्म डोऱ्यायो । सिन्धुलीमा त्यतिबेला संगीत प्रशिक्षण संस्थाहरू थिएन र पक्कै काठमाडौं गएपछि मात्र सम्भव छ भनेर उनी आफ्नो उच्च शिक्षा हासिलपश्चात् राजधानीतिर लागे । अनि त्यतै म्युजिक सिक्न थाले । तर पनि उसलाई आफ्नै आवाजमा जति सक्दो चाँडो गीत रेकर्ड गर्न मन थियो । तर, उनले म्युजिक फिल्डको मान्छे कोही पनि चिनेका थिएनन् । उनको यो फिल्डमा आफ्नो मान्छेहरू कोही पनि थिएन । यसै क्रममा काका टलक थापा 'थकित'सँग उनी फेसबुकमार्फत जोडिए । उनीसँगको चिनजानपछि संगीतकार राजकुमार बगरसँग उनको भेट भयो ।

बगरसँगको भेटपछि उनले लोक पप गीत 'नओइलिने फुल हो माया' रेकर्ड गरेर बजारमा ल्याए । व्यावसायिक रूपमा खासै सफलता नपाएको गीतको रेकर्डपछि झन् उनमा गीतको मोह बढ्यो । त्यसपछि मेलिना राईसँग 'मैले गर्ने माया' बोलको गीत रेकर्ड गराए । त्यसपछि लगातार विभिन्न कलाकारहरूसँग सहकार्य गर्ने अवसर पाएका उनले आफ्नै संगीतमा 'तिम्रो मीठो मुस्कान' गीत बजारमा ल्याए ।

थापाले 'हाम्रो माया जाल' गीतबाट सगरमाथा म्युजिक अवार्डमा २०७९ मा नव प्रतिभा प्रोत्साहन अवार्ड समेत प्राप्त गरेका थापाले जुनि जुनी गीतबाट २०७९ को चौथो एपिक नेपाल म्युजिक अवार्डमा पनि नवगायकको अवार्ड हात पारेका थिए । त्यस्तै उनले ज्योती म्युजिक अवार्ड, म्युजिक खबर अवार्ड लगायतअन्य थुप्रै अवार्डहरूमा नोमिनिसेमा परिसकेका छन् । नेपाली सांगीतिक क्षेत्र सहज नभएको महसुस गरेका थापाले यस क्षेत्रमा जम्नका लागि परिवारको पनि साथ र सहयोग हुनुपर्ने बताउँछन् । काम गर्नभन्दा पनि टिक्न ठूलो कुरा हुने महसुस गरेका थापाले जीवन भोगाई हो भन्ने कुरा महसुस गरेका छन् ।

कुनै बेला रेडियोमा गीत सुनेको गायक गायीकाहरूसँग प्रत्यक्ष भेट्दा खुशी लागेको समेत बताएका थापाले पुराना कलाकारहरूसँग पनि सहकार्य गर्न पाएमा आफ्नो सांगीतिक ज्ञान अझै बलियो हुने आशा समेत गर्दछन् ।



**ललितपुर मेयर्स कप क्रिकेट**

# एपिएफ एक खेल अगावै फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** साविक विजेता एपिएफले ललितपुर मेयर्स कप राष्ट्रिय महिला ट्वान्टी-२० क्रिकेट प्रतियोगितामा लगातार तेस्रो जित निकाल्दै फाइनल यात्रा पक्का गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार एपिएफले ललितपुर मेयर्स-११ माथि आठ विकेटको रबाफिलो जित निकाल्दै फाइनलमा स्थान बनाएको हो ।



